प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी रजिष्ट्रारको कार्यालय
गण्डकी प्रदेश, पोखरा

☎ ०६१-५९०९५०
E-mail: crogandaki@gmail.com
Web site: coop.gandaki.gov.np

प.सं.: ०७९/८०
च.नं.:- 9८०

मितिः २०७९/०७/२१

श्री सहकारी संघ/संस्थाहरु (गण्डकी प्रदेश कार्यक्षेत्र भएका) सवै।

**बिषयः संस्था अद्यावधिक र कोपोमिस संचालन गर्ने सम्बन्धमा।**

गण्डकी प्रदेशको सहकारी ऐन, २०७५ को दफा १३(३) बमोजिम यस कार्यालयमा अद्यावधिक हुनुपर्नेमा हालसम्म पनि अद्यावधिक नभएका तथा गण्डकी प्रदेश सहकारी नियमावली, २०७६ को नियम २२(४) बमोजिम सहकारी तथा गरिबी सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा अनिवार्य आवद्ध भई विवरणहरु प्रविष्टी गर्नुपर्नेमा हालसम्म पनि नभएका गण्डकी प्रदेश सरकारको क्षेत्राधिकार भित्रका सहकारी संघ/सस्थाहरुले तपसिल अनुसारका कागजात सहित अविलम्ब यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै COPOMIS युजर आईडी र पासवर्ड लिएका संघ/संस्थाहरुले नियमित रुपमा विवरण अद्यावधिक गर्नुहुन जानकारी गराईन्छ।

आवश्यक विवरण एवं कागजातहरु:

**(क) संघ/संस्था अद्यावधिक गर्नका लागिः**

निवेदनका साथमा गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को अनुसूची-१ अनुसारको विवरण, दर्ता प्रमाणपत्र सक्कलै, विनियमको फोटोकपी, पछिल्लो साधारण सभाको माइन्युटको फोटोकपी, अडिट रिपोर्ट, कर चुक्ता प्रमाणपत्र र पछिल्लो महिनाको मासिक रिपोर्ट।

**(ख) कोपोमिसमा आवद्धताका लागिः**

संघ/संस्थाको नाम, ठेगाना, दर्ता नम्बर, दर्ता मिति, दर्ता गर्ने निकाय, कार्यक्षेत्र, मुख्य कार्यहरु, पान नम्बर, ईमेल, सम्पर्क नम्बर, खाता रहेको बैंकको नाम, शाखा र खाता नम्बर आदि उल्लेख गरी यस कार्यालयलाई पत्र लेख्ने।

२०७९।७।२१
..........................
रमेश घर्ति
रजिष्ट्रार

CamScanner